आज मिति २०७६ साल आश्विन २१ गते बिहिबारका दिन वेसीशहर नगरपालिकाका प्रमुख श्री गुमान सिंह अर्याल ज्यु-को अध्यक्षतामा ६१ औं बैठक बसी तपसिल बमोजिम उपस्थितिमा तपसिल बमोजिम छलफल एवं निर्णयहरु गरीयो

उपस्थिति :-

१. प्रमुख श्री गुमान सिंह अर्याल
२. उप-प्रमुख श्री लक्ष्मी देवी अधिकारी
३. वडा अध्यक्ष वडा नं. १ श्री बलराम श्रेष्ठ
४. " " " " २ श्री गणेश बहादुर कंडेल
५. " " " " ३ श्री सुर्य कुमार श्रेष्ठ
६. " " " " ४ श्री लालविर गुरुङ
७. " " " " ५ श्री बम बहादुर गुरुङ
८. " " " " ६ श्री भोज बहादुर रिमाल
९. " " " " ७ श्री गोबिन्द बहादुर वस्नेत
१०. " " " " ८ श्री पवित्रा थापा राना
११. " " " " ९ श्री शरद बराल
१२. " " " " १० श्री पूर्ण बहादुर थापा
१३. " " " " ११ श्री अच्युत बाबु बगाले
१४. कार्यपालिका सदस्य श्री विष्णु माया राना
१५ " " श्री मन्दिरा दर्नाई
१६ " " श्री देव बहादुर गहतराज
१७ " " श्री अजय मजकोटी
१८ " " श्री मनमाया गुरुङ
१९ " " श्री दोज बहादुर खवास
२० " " श्री कृष्ण नेपाली
२१ " " श्री आशा तामाङ
२२. सदस्य सचिव श्री पुष्पराज पौडेल

सहजकर्ता कर्मचारी

२३. कार्यक्रम अधिकृत श्री महेन्द्र पोखरेल
२४. अधिकृत श्री विमला गैह्रे

बेसीशहर नगर कार्यपालिकाको मिति २०७७/०६/२९ गतेको बैठक

***बैठकका प्रस्तावहरु***

१. नगरपालिका प्रवेशद्वार गेटको ठेक्का संझौताको म्याद थप सम्बन्धमा ।
२. स्थानीय तहहरुमा फुसको छानो (खरको छानो) विस्थापन कार्यक्रमको सम्बन्धमा ।
३. झोपु. हेरालुहरुको पारीश्रमिक सम्बन्धमा
४. हालसम्म भएका बालुवाको ठेक्का संझौताको अनुमोदन सम्बन्धमा ।
५. ग्याविन जाली खरीद तथा वितरण सम्बन्धमा ।
६. खानेपानी पाइप खरीद सम्बन्धमा ।
७. वितरण गरिएका जिन्सी सामाग्रीहरुको अनुगमन सम्बन्धमा ।
८. नगरपालिकाको आवास सहयोग कार्यक्रम सम्बन्धमा ।
९. उदीपुर सार्वजनिक शौचालयमा काम गर्ने व्यक्तिलाई अन्य सरह पारीश्रमिक दिने सम्बधमा
१०. जिल्ला कारागारका बन्दीलाई दशैं खर्च उपलब्ध गराउने सम्बन्धमा । (प्रस्ताव रु. २५०००।-)
११. विद्युत पोल वितरण सम्बन्धमा । १०/१० वटा
१२. हेल्थ सेन्टरको अधुरो भवन (वडा नं ३ र ९) र २ वटा उपस्वास्थ्य चौकी (चिसापानी र सारिङ) को भवन निर्माण सम्बन्धमा ।
१३. कोरोना सम्बन्धी खर्चको अनुमोदन सम्बन्धमा ।
१४. प्रेस सल्लाहकारको म्याद थप सम्बन्धमा
१५. एक स्थानीय तह एक खेलमैदान/रङ्गशाला निर्माणको प्रस्ताव सम्बन्धमा ।
१६. वाढी पहिरोबाट विस्थापितहरुको विवरण सम्बन्धमा ।
१७. स्वास्थ्यकर्मीहरुको जोखीम भत्ता सम्बन्धमा ।
१८. मापदण्ड तथा कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।
    - बेसीशहर नगरपालिकाका कर्मचारीको प्रोत्साहन भत्ता तथा पुरस्कार सम्बन्धी मापदण्ड २०७७ सम्बन्धमा ।
    - बेसीशहर नगरपालिकाका भवन नियमित तथा अभिलेखीकरण सम्बन्धी कार्यविधि २०७७ सम्बन्धमा ।
    - वातावरणीय अध्ययन प्रतिवेदन (IEE) कार्यविधि सम्बन्धमा
१९. प्राविधिक कर्मचारीहरुको फिल्डभत्ता सम्बन्धमा ।
२०. प्रतिनिधि तोक्ने सम्बन्धमा (सर्वोच्च अदालतमा परेको रीट) सम्बन्धमा
२१. योजनाको रकमान्तर सम्बन्धमा (वडा नं १० र ४)
२२. कोरोना सम्बन्धी तीन सदस्यीय समितिको बैठकको निर्णय अनुमोदन सम्बधमा ।
२३. भूसेवा केन्द्र स्थापना सम्बन्धमा ।
२४. विविध
    - कम्पोष्ट विन वितरण गर्ने सम्बन्धमा
    - दशैंलाई उच्च सावधानीपूर्वक मनाउन आह्वान गर्ने सम्बन्धमा ।

बेसीशहर नगर कार्यपालिकाको मिति २०७७/०६/२९ गतेको बैठक

## निर्णयहरु

**निर्णय नं १ : नगरपालिका प्रवेशद्वार गेटको ठेक्का संझौताको म्याद थप सम्बन्धमा ।**

गत आव २०७६।०७७ मा बेसीशहर नगरपालिका वडा नं १ उदीपुरमा चम्पावती निर्माण सेवा बेसीशहर ८ संग ठेक्का सम्झौता भई निर्माण शुरु गरिएको नगरपालिका प्रवेशद्वार गेट निर्माण कार्य सो आवमा सम्पन्न हुन नसकेको हुँदा कार्यपालिकाको मिति २०७७।५।३० गतेको बैठकबाट बाँकी कार्यको लागि रकम विनियोजन भै सकेको अवस्थामा सो ठेक्का संझौताको म्याद २०७७ असोज मसान्तसम्म थप गरी बाँकी काम सम्पन्न गन लगाउने र बाँकी रकम रु. ३,३५,५८४.२३ (तीन लाख पैंतीस हजार पाँच सय चौरासी रुपैया पैसा तेइस मात्र) भुक्तानी दिने । साथै गजूर स्थापना तथा गेटमा बुट्टा भर्ने कार्यको लागि रु.४,१९,४१५.७७ (चार लाख उन्नाइस हजार चार सय पन्ध्र रुपैया पैसा सतहत्तर मात्र) विनियोजन गरी कोटेशन माग गरी निर्माण कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं २ : स्थानीय तहहरुमा फुसको छानो (खरको छानो) विस्थापन कार्यक्रमको सम्बन्धमा ।**

नेपाल सरकार शहरी विकास मन्त्रालयबाट स्थानीय तहहरुमा फुसको छानो (खरको छानो) विस्थापन कार्यक्रम अन्तर्गत बेसीशहर नगरपालिका भित्रका १४२ घर परिवारको लागि प्रति घरधुरी करिब रु. ५० हजारका दरले प्राप्त हुने बजेटका सम्बन्धमा छलफल हुँदा बेसीशहर नगरपालिकाले विगत २ आर्थिक वर्षहरुमा खरको छाना भएका सवै घरपरिवारहरुको लागि जस्तापाता उपलब्ध गराई खरको छानो विस्थापन गरिसकेको तर अति विपन्न एवम् विपन्न परिवारहरुको जस्तापाता, ढुंगा लगायतको छाना भएका जीर्ण र कच्ची घरहरुको लागि जस्तापाता उपलब्ध गराउनु पर्ने देखिएको हुँदा सोही वमोजिम बजेट कार्यक्रम संशोधन हुन नेपाल सरकार शहरी विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ : झोलुङ्गे पुल हेरालुहरुको पारिश्रमिक सम्बन्धमा ।**

बेसीशहर नगरपालिका भित्रका झोलुङ्गे पुलका हेरालुहरुले गत आव २०७६।०७७ को र चालु आव २०७७।०७८ को असोजसम्मको नियमानुसार पाउनु पर्ने पारिश्रमिक चालु खर्च शिर्षकबाट उपलब्ध गराई २०७७ कार्तिक १ गतेदेखि कामकाजमा नलगाउने र २०७७ कार्तिकबाट नगरपालिका अन्तर्गत पर्ने सबै झोलुङ्गे पुलहरुको मर्मत सम्भार कार्य झोलेङ्ग पुल हेरालुहरुको सट्टा नगरपालिकाको प्राविधिक जनशक्ति खटाई अनुमगन तथा मर्मत सम्भार गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं ४ : बालुवाको ठेक्का संझौता अनमोदन सम्बन्धमा ।**

प्राकृतिक श्रोत (बालुवा तथा बालुवामा मिसिएको गिटी/ग्राभेल) को उत्खनन् संकलन तथा बिक्रीको लागि चालु आव २०७७।०७८ को हालसम्म भएका ठेक्का सम्झौताहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ : तालजाली खरीद सम्बन्धमा ।**

गत नगरसभाबाट वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र अन्तर्गत जलउत्पन्न प्रकोप नियन्त्रण तथा जलाधार संरक्षण शिर्षकमा विनियोजित बजेट मध्येबाट तारजाली खरीदको लागि रु ४,९०,०००।- (चार लाख नब्बे हजार मात्र) छुट्याई खरीद गर्ने र नगरप्रमुखको तोक आदेश वमोजिम वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ : खानेपानी पाइप खरीद सम्बन्धमा ।**

गत नगरसभाबाट खानेपानी पाइप वितरण (एक घर एक धारा कार्यक्रम) शिर्षकमा विनियोजित रकम रु ५ लाखबाट खानेपानी पाइप खरीद गरी नगरप्रमुखको तोक आदेश वमोजिम वितरण गर्ने निर्णय गरियो ।

बेसीशहर नगर कार्यपालिकाको मिति २०७७/०६/२९ गतेको बैठक

**निर्णय नं ७ : अनुगमन समिति गठन गर्ने सम्बन्धमा ।**

विगत आर्थिक बर्ष तथा चालु आ.व. मा वितरण गरिएका जस्तापाता, तारजाली, सिंचाई तथा खानेपानी पाइप, मौरघार, मिनिटेलर, स्थायी टनेल,प्लाष्टिक टनेल, भकारो सुधार, कागतीको विरुवा, घाँसको वीउ तथा बेर्ना, माछा पोखरी तथा आ.व. २०७६।०७७ को बार्षिक प्रगति विवरण तथा समीक्षा प्रतिवेदनमा उल्लेखित कार्यक्रमहरुको उपलब्धी तथा उपयोगको अवस्थाबारे अनुगमन गरी एक महिना भित्र प्रतिवेदन पेश गर्न देहाय वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

***देहाय***

(क) सम्वन्धित वडाध्यक्ष : संयोजक

(ख) सम्वन्धित वडाको कार्यपालिका सदस्य वा एक जना वडा सदस्य : सदस्य

(ग) सम्वन्धित वडा हेर्ने प्राविधिक : सदस्य सचिव

**निर्णय नं ८ : आवास सहयोग कार्यक्रम सम्बन्धमा ।**

गत नगरसभाबाट विपन्न परिवार आवास सहयोग कार्यक्रम अन्तर्गत विनियोजित बजेट रु. ५ लाखबाट जस्तापाता खरीद गरी अति विपन्न, असहाय, एकल महिला, विपन्न परिवारहरुको जीर्ण तथा कच्ची घर सुधार मर्मतको लागि नगरप्रमुखको तोक आदेश वमोजिम वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं ९ : सार्वजनिक शौचालय सरसफाईकर्ताको पारिश्रमिक सम्बन्धमा ।**

मिति २०७६ फागुन १ गतेबाट बेसीशहर नगरपालिका १ उदीपुर बजार स्थित सार्वजनिक शौचालयको साथै कालिका मन्दिर परिसको शौचालयमा सरसफाई गर्ने सरसफाईकर्तालाई सोही मितिदेखि अन्य सरह मासीक रु ३,०००।- (तीन हजार मात्र) का दरले पारिश्रमिक उपलब्ध गराई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं १० : जिल्ला कारागारका कैदीबन्दीहरुलाई दशैं खर्च सहयोग गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका ८ स्थित जिल्ला कारागारका कैदीबन्दीहरुलाई दशैं मान्नको लागि विगत परम्परा र अभ्यास समेतको आधारमा रु.२५०००।- (पच्चीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ११ : विद्युत पोल वितरण सम्बन्धमा ।**

प्रदेश सरकारबाट काठका विद्युत पोलहरु विस्थापन गर्नको लागि बेसीशहर नगरपालिकामा प्राप्त स्टिलका पोलहरु प्रत्येक वडालाई १०/१० वटाका दरले उपलब्ध गराउने निर्णय गरियो । बाँकी पोलहरु आवश्यकताका आधारमा नगरपालिकाबाट वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं १२ : हेल्थ सेन्टरको अधुरो भवन (वडा नं ३ र ९) र २ वटा स्वास्थ्य चौकी (चिसापानी र सारिङ) को भवन निर्माण सम्बन्धमा ।**

संघीय सरकारको अन्तर सरकारी वित्त हस्तान्तरण सशर्त अनुदान शिर्षकबाट गत आव २०७६/०७७ मा स्वास्थ्य संस्था नभएका वडाहरुमा वडास्तरीय हेल्थ सेन्टर निर्माणको लागि बजेट प्राप्त भई वडा नं ३ र ९ मा स्वास्थ्य भवन निर्माण कार्य शुरु भएको तर सम्पन्न हुन नसकी अधुरो अवस्थामा रहेको र सो को लागि संघीय सशर्त अनुदान शिर्षकमा चालु आवमा बजेट प्राप्त भएको नदेखिएको हुँदा अधुरो भवन निर्माण सम्पन्न गर्नको लागि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र गण्डकी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो । साथै वडा नं २ को चिसापानी स्वास्थ्य चौकी र ६ को सारिङ स्वास्थ्य चौकीको भवन अत्यन्त जीर्ण भएकोले उक्त २ वटा स्वास्थ्य चौकी भवन निर्माणको लागि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं १३ : कोरोना सम्बन्धी खर्चको अनुमोदन सम्बन्धमा ।**

कोरोना रोकथाम, नियन्त्रण, उपचार र राहत वितरणमा गत आव २०७६।०७७ मा भएको कुल खर्च रु ७०,३५,९०५।- (सत्तरी लाख पैंतीस हजार नौसय पाँच मात्र) र चालु आवको हालसम्म भएको खर्च १६,९७,५२१।- (सोह्र लाख सन्तान्नब्बे हजार पाँच सय एक्काइस) को विस्तृत विवरण मिति २०७७ असोज २५

गते आयोजित पत्रकार भेटघाट बैठकमा समेत सार्वजनिक गरिएको व्यहोरा जानकारी भई उक्त खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं १४ : प्रेस सल्लाहकारको म्याद थप सम्बन्धमा**

बेसीशहर नगरपालिकाका प्रेस सल्लाहकार कृष्ण केसीको सेवा करारको म्याद २०७७ साउन १ गतेबाट लागु हुने गरी २०७७ पौष मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं १५ : एक स्थानीय तह एक खेलमैदान/रङ्गशाला निर्माणको प्रस्ताव सम्बन्धमा ।**

प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको एक स्थानीय तह एक खेलमैदान/रङ्गशाला निर्माणको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना अनुसार यस बेसीशहर नगरपालिकाबाट वडा नं ७ स्थित सहजी खेलमैदान स्तरोन्नति को लागि प्रस्ताव पेश गरिएको व्यहोरालाई समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं १६ : वाढी पहिरोबाट विस्थापितहरुको विवरण सम्बन्धमा ।**

बेसीशहर नगरपालिकामा यस बर्षको बाढी पहिरोबाट विस्थापित भएका घरपरिवारहरुको विवरण (पेश भए वमोजिम) जिल्ला प्रशासन कार्यालय लमजुङमा पठाउने निर्णय गरियो ।

**निर्णय नं १७ : स्वास्थ्यकर्मीहरुको जोखीम भत्ता सम्बन्धमा ।**

कोभिड १९ नियन्त्रण, रोकथाम र उपचारको लागि विशेष रुपमा खटिने स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुलाई पेश भए वमोजिम फ्रन्ट लाइनमा खटिने १९ जना स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको लागि रु. २ लाख ६७ हजार तथा मध्य लाइनमा खटिने ५६ जना स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको लागि रु. २ लाख ९० हजार ५ सय गरी कुल रु. ५ लाख ५७ हजार ५ सय जोखिम भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १८ : कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।**

बेसीशहर नगर कार्यपालिकाको यस बैठकबाट देहायका मापदण्ड तथा कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो :

देहाय :

(क) बेसीशहर नगरपालिकाका कर्मचारीको प्रोत्साहन भत्ता तथा पुरस्कार सम्बन्धी मापदण्ड २०७७

(ख) बेसीशहर नगरपालिकाका भवन नियमित तथा अभिलेखीकरण सम्बन्धी कार्यविधि २०७७

(ग) प्रारम्भिक वातावरणीय अध्ययन (IEE) प्रतिवेदन कार्यविधि २०७७

**निर्णय नं १९ : प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धमा ।**

नगरपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरुलाई योजनाको लागत इष्टिमेट, अनुगमन तथा मूल्यांकनको लागि फिल्डमा गए वापत दैनिक भ्रमण भत्ताको सट्टा साविककै दररेटमा २०७७ साउनदेखि २०७७ असोज सम्मको लागि फिल्ड भत्ता उपलब्ध गराउने र २०७७ कार्तिकदेखि आजै स्वीकृत भएको *बेसीशहर* "नगरपालिकाका कर्मचारीको प्रोत्साहन भत्ता तथा पुरस्कार सम्बन्धी मापदण्ड २०७७" वमोजिम गर्ने निर्णय गरियो ।

**निर्णय नं २० : प्रतिनिधि तोक्ने सम्बन्धमा**

निवेदक श्री पृथ्वीमान घले समेतले बेसीशहर नगरपालिकाका नगरप्रमुख,बेसीशहर नगरपालिका कार्यालय, वेसीशहर नगरपालिका वडा नं १० का वडाध्यक्ष समेतलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा दायर गर्नु भएको सम्वत २०७६ सालको रिट नं ०७७-WO-००२२ को उत्प्रेषण परामादेश लगायत जो चाहिने आज्ञा आदेश समेत जारी गरी पाउँ भन्ने निवेदन उपर सम्मानित अदालतबाट भएको मिति २०७६।४।१४ को आदेश सहितको म्याद सूचना मिति २०७७६।१८ मा प्राप्त हुन आएकोले सो मितिले ऐनका म्यादभित्र लिखित जवाफ लेखी पेश गरी मुद्धाको पुर्पक्ष गर्नका लागि नगरप्रमुख, वडाध्यक्ष र नगरपालिकाको तर्फबाट बेसीशहर नगरकार्यपालिकाको कार्यालयमा सहायक पाचौं तहमा कार्यरत ना.सु. श्री रेशम घिमिरेलाई अख्तियारी दिई पठाउने निर्णय गरियो ।

बेसीशहर नगर कार्यपालिकाको मिति २०७७/०६/२९ गतेको बैठक

**निर्णय नं २१ : योजनाको संशोधन सम्बन्धमा ।**

बेसीशहर नगरपालिका चालु आव २०७७।०७८ का देहायका वडास्तरीय योजना तथा कार्यक्रमहरु देहाय अनुसार संशोधन गर्ने निर्णय गरियो ।

| क्र.सं | साविक योजना/कार्यक्रमको नाम र ठेगाना | विनियोजित रकम | संशोधित योजनाको नाम र ठेगाना | विनियोजित रकम |
|---|---|---|---|---|
| १ | मावि, प्रावि विद्यार्थीहरुको लागि दिवा खाजा बेनपा १० | २२०००० | १.श्री जनजागृति मावि छात्राबास फर्निचर व्यवस्थापन<br>२. श्री भविष्य निर्माण प्रावि शौचालय मर्मत तथा नयाँ भवन पार्टिशन | ११०००<br>११०००० |
| २ | दशैं तिहारमा गाउँबस्ती, टोल पुग्न बाटो मर्मत योजना बेनपा १० | ५००००० | १. कृषि सडक बहिसबोटे चोक देखि राउतथोक, बाँझाखेत, रातमाटा, गाउँभाचोक, सडक स्तरोन्नति<br>२.लप्सेचौतारा देखि थापा कुलायन स्थान मन्दिर सम्म सडक स्तरोन्नति<br>३. चितुवावन खानेपानी मर्मत | २०००००<br>२०००००<br>१००००० |
| ३. | हिले गाउँको गोरेटो बाटो पि.सि.सि. बेनपा ४ | २००००० | हिले सामुदायिक भवन निर्माण बेनपा ४ | २००००० |

**निर्णय नं २२ : निर्णय अनुमोदन सम्बन्धमा ।**

बेसीशहर नगरकार्यपालिकाको मिति २०७७।५।३० गतेको बैठकको निर्णय नं १८ अनुसार गठित समितिको मिति २०७७।६।६ र २०७७।६।२८ गते बसेको बैठकको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं २३ : भूसेवा केन्द्र स्थापना सम्बन्धमा ।**

जिल्ला मालपोत कार्यालय लमजुङको च.नं. २७१६ मिति २०७७।३।२१ को पत्रानुसार मालपोत कार्यालयबाट भूसेवा केन्द्र स्थापनाको लागि स्पष्ट राय सहित आवश्यक पूर्वाधार र भूसेवा केन्द्र सञ्चालन गरिने स्थानको एकिन गरी जानकारी गराउन पत्राचार भएकोले सेवाग्राहीका अधिकांश भूसेवासंग सम्बन्धित कार्यहरुमा स्थानीय तहको सिफारिश तथा मूल्यांकन जस्ता कागजात संलग्न गर्नुपर्ने हुँदा जग्गा प्रशासन सम्बन्धी सेवा प्रवाहको शुरुवात नै स्थानीय तहबाट हुने भएकोले स्थानीय तहमै भूसेवा केन्द्र सञ्चालन गर्दा नागरिकलाई सहज, सरल र विश्वसनीय सेवा प्राप्त हुने अपेक्षा सहित भूसेवा केन्द्र स्थापनाको लागि आवश्यक पूर्वाधार तयार गर्न पत्रमा उल्लेखित सामानहरु खरीद गरी कार्यालय परिसरभित्र भूसेवा केन्द्र स्थापना गर्न आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं २४ : विविध/कम्पोष्ट विन वितरण सम्बन्धमा ।**

बेसीशहर नगरपालिका र जनकल्याण सहकारी संस्थाको सह लगानीमा कौसी खेतीको लागि ५० थान कम्पोष्ट विन आवश्यकता एकिन गरी वितरणको लागि बेसीशहर स्थित जनकल्याण सहकारी संस्थालाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं २५ : विविध/दशैं उच्च सावधानीपूर्वक मनाउन आह्वान गर्ने सम्बन्धमा ।**

कोराना भाइरस फैलिरहेको र नियन्त्रणमा आउन नसकिरहेको सन्दर्भमा नेपालीहरुको महान् चाड विजया दशमी २०७७ मनाउने सिलसिलामा धेरै भिडभाड नगरी दशैं मनाउन र विजया दशमीको टिका ग्रहण गर्न आफ्नो घर बाहेक अन्यत्र नजान रेडीयो, स्थानीय पत्रपत्रिका र माइकिङ मार्फत नगरबासीहरुमा अनुरोध एवम् आह्वान गर्ने निर्णय गरियो ।

बेसीशहर नगर कार्यपालिकाको मिति २०७७/०६/२९ गतेको बैठक

अनुसूची : १

## निर्णय नं १६ अनुसार बाढी पहिरोबाट क्षति भएका घरहरुको विवरण

**(क)पूर्ण क्षति भएका घरधुरी विवरण**

| क्र.सं | नामथर | ठेगाना | क्षतिको प्रकार | कैफियत |
|---|---|---|---|---|
| १ | दिपक तमाङ | बेसीशहर नगरपालिका- ७, सातविसे | पूर्ण क्षति | |
| २ | शम्शेर बहादुर रावत | बेसीशहर नगरपालिका- १०,राउतथोक बेसी | पूर्ण क्षति | ९८४६०८९६३६ |
| ३. | ठकुरी कामी | बेसीशहर नगरपालिका ५ ज्यार्खाङ | पूर्ण क्षति | |

**(ख) आंशिक क्षति भएका घरधुरी विवरण**

| क्र.सं | नामथर | ठेगाना | क्षतिको प्रकार | कैफियत |
|---|---|---|---|---|
| १ | सूर्य खत्री | बेसीशहर नगरपालिका- १० | आंशिक क्षति | ९८४८९१९०६३ |
| २ | सुकमाया सुनार | बेसीशहर नगरपालिका- १० | आंशिक क्षति | ९८०७१४९०६२ |
| ३ | मधुमाया धिताल | बेसीशहर नगरपालिका- २ | आंशिक क्षति | ९८४६३१४३५१ |
| ४. | कृष्ण धिताल | बेसीशहर नगरपालिका- २ | आंशिक क्षति | ९८४६३१४३५१ |
| ५. | राजेन्द्रपुष्प धिताल | बेसीशहर नगरपालिका- २ | आंशिक क्षति | ९८४६३१४३५१ |